# निर्वाचन आयोगको

# सूचना

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहाय बमोजिमको निर्वाचन आचार संहिता, २०७२ बनाएको हुँदा सोही ऐनको सोही दफाको उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

## "निर्वाचन आचार संहिता, २०७२

**प्रस्तावना** : निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नको लागि सरोकारवालाले पालना गर्नुपर्ने आचरणलाई व्यवस्थित गर्नु वाञ्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ ले दिएको अधिकार प्रयोग गरी आयोगले सरोकारवालासँग परामर्श गरी यो आचार संहिता बनाएको छ ।

### परिच्छेद–१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आचार संहिताको नाम "निर्वाचन आचार संहिता, २०७२" रहेको छ ।

(२) यो आचार संहिता आयोगले तोकेको निकायलाई तोकेको अवधिभर लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "आमसञ्चार" भन्नाले सरकारी, सामुदायिक र निजी क्षेत्रबाट सञ्चालन भएका विद्युतीय तथा मुद्रणका सञ्चार माध्यम सम्झनुपर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनुपर्छ ।

(ग) "कर्मचारी" भन्नाले नेपाल सरकारका कर्मचारी सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्था, निकाय, स्थानीय निकाय, विश्वविद्यालय र सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षक तथा कर्मचारीलाई समेत जनाउँछ ।

(घ) "गैरसरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानूनबमोजिम दर्ता भएको संस्था सम्झनुपर्छ र सो शब्दले प्रचलित कानूनबमोजिम नेपालको सम्बन्धित निकायमा आवद्ध भई सञ्चालन भएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था समेतलाई जनाउँछ ।

(ङ) "निर्वाचन" भन्नाले प्रचलित कानूनबमोजिम आयोगले गराउनुपर्ने निर्वाचन सम्झनुपर्छ र सो शब्दले जनमत संग्रह समेतलाई जनाउँछ ।

(च) “निर्वाचन अधिकृत” भन्नाले प्रचलित कानूनबमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत सम्झनुपर्छ ।

(छ) “पर्यवेक्षक” भन्नाले निर्वाचनको समयमा पर्यवेक्षण गर्न आयोगबाट अनुमतिप्राप्त व्यक्ति सम्झनुपर्छ र सो शब्दले आयोगबाट अनुमतिप्राप्त स्वदेशी वा विदेशी संस्थाबाट खटिएका व्यक्तिलाई समेत जनाउँछ ।

(ज) “मतदाता” भन्नाले प्रचलित कानूनबमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनुपर्छ ।

(झ) “मौन अवधि” भन्नाले मतदान हुने दिनको अघिल्लो ४८ घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्मको समय सम्झनुपर्छ ।

(ञ) “राजनीतिक दल” भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ बमोजिम आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनुपर्छ ।

(ट) “सम्बन्धित व्यक्ति” भन्नाले उम्मेदवार वा राजनीतिक दलको तर्फबाट निर्वाचन प्रचार प्रसारमा संलग्न व्यक्ति सम्झनुपर्छ र सो शब्दले उम्मेदवारको निर्वाचन प्रतिनिधि वा राजनीतिक दल वा सोको भ्रातृ संगठनको सदस्य वा कार्यकर्तालाई समेत जनाउँछ ।

(ठ) “सवारी साधन” भन्नाले यान्त्रिक शक्तिबाट चल्ने सवारी साधन सम्झनुपर्छ, सो शब्दले साइकल, रिक्सा, गाडा र त्यस्तै प्रकृतिका अन्य सवारी साधनलाई समेत जनाउँछ ।

(ड) “सार्वजनिक पद धारण गरेको व्यक्ति” भन्नाले संविधान, प्रचलित कानून वा सम्बन्धित निकाय वा अधिकारीको निर्णय वा आदेशबमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारीलाई समेत जनाउँछ ।

(ढ) “सार्वजनिक संस्था” भन्नाले प्रचलित कानूनबमोजिम सार्वजनिक संस्था भनी तोकिएका कुनै संस्था सम्झनुपर्छ ।

३. **आचार संहिता लागू हुने :** यो आचार संहिता देहायका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भ्रातृ संगठन वा सम्बन्धित व्यक्ति,

(ख) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(ग) सार्वजनिक संस्था र स्थानीय निकाय,

(घ) आमसञ्चारका माध्यम,

(ङ) गैरसरकारी संस्था,

(च) नेपाल सरकारका कर्मचारी, स्थानीय निकायका कर्मचारी, निर्वाचनसम्बन्धी कार्यमा संलग्न व्यक्ति तथा सुरक्षाकर्मी,

(छ) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ज) पर्यवेक्षक,

(झ) आयोगले आचार संहिता लागू हुने भनी तोकेको निकाय, संस्था वा व्यक्ति ।

## परिच्छेद– २

## उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

४. **सामान्य आचरण** : उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण देहायबमोजिम रहेका छन् :-

(क) धर्म, सम्प्रदाय, जातजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा समुदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने,

(ख) उम्मेदवार वा राजनीतिक दलको सदस्यको निजी जीवनलाई आघात पर्ने गरी आलोचना गर्न नहुने,

तर उम्मेदवार वा राजनीतिक दलको सदस्यको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको कामको बारेमा आलोचना गर्न बाधा पर्ने छैन ।

(ग) कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(घ) प्रचलित कानूनबमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन नहुने,

(ङ) उम्मेदवार वा राजनीतिक दलले नेपाल सरकार, सार्वजनिक संस्था, स्थानीय निकाय वा कुनै परियोजनाको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,

(च) मतदातालाई नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन नहुने,

(छ) आयोगद्वारा सञ्चालित मतदाता नामावली संकलन, मतदाता शिक्षा लगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी त्यस्ता कार्यक्रमसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने,

(ज) कुनै मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च वा कुनै धार्मिक स्थल प्रयोग गरी निर्वाचनसम्बन्धी प्रचार-प्रसार गर्न वा गराउन नहुने,

(झ) निर्वाचनसम्बन्धी प्रचार-प्रसारको लागि धार्मिक, सांस्कृतिक, पुरातात्विक, ऐतिहासिक स्थल वा सार्वजनिक संस्थाको भवन, स्मारक, पर्खाल, सडक, खम्बा वा संरचनालगायत कुनै पनि सार्वजनिक स्थानमा पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन नहुने,

(ञ) निजी घरजग्गामा त्यस्तो घर जग्गाधनीको स्वीकृति नलिई राजनीतिक गतिविधि वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ट) महिलाको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ठ) अपाङ्गता भएको व्यक्तिको भावनामा आँच आउने किसिमले निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ड) निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

(ढ) प्रचलित कानूनबमोजिम निषेध गरेको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(ण) सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने,

(त) उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मत परिणामको घोषणा नभएसम्म उम्मेदवार वा राजनीतिक दलको परिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न नहुने ।

**५.** **विषयगत आचरण** : उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विषयगत आचरण देहायबमोजिम रहेका छन् :-

**(क)** **जुलुस, आमसभा, ऱ्याली, बैठक, भेलागर्दा पालन गर्नुपर्ने आचरण :**

(१) नागरिक वा व्यक्तिको स्वतन्त्रतासम्बन्धी हकको हनन नहुने गरी सभ्य तरिकाले जुलुस तथा आमसभा गर्नु पर्ने तथा कसैको विचारको विरोध गर्दा निजको घरको आसपास विरोध गर्न र प्रदर्शन गर्न वा गराउन नहुने,

(२) स्थानीय प्रशासनको अनुमति नलिई उम्मेदवार वा राजनीतिक दलले सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्न वा गराउन नहुने,

(३) उम्मेदवार वा राजनीतिक दलले जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्नु अघि सुरक्षा प्रवन्धको लागि स्थानीय प्रशासन र प्रहरीलाई समय, मिति, मार्ग र स्थानको बारेमा कम्तिमा ४८ घण्टा अगावै जानकारी गराउनु पर्ने,

(४) उम्मेदवार वा राजनीतिक दलले अधिकार प्राप्त अधिकारीबाट अनुमति लिई प्रयोग गरेको सवारी साधनमा ३ फिट × ५ फिट भन्दा ठूलो आकारको ब्यानर वा झण्डा प्रयोग गर्न वा गराउन नहुने,

(५) उम्मेदवारले अधिकार प्राप्त अधिकारीबाट अनुमति लिई प्रयोग गरेको सवारी साधनमा ३ फिट × ३ फिट भन्दा ठूलो आकारको पोष्टरको प्रयोग गर्न वा गराउन नहुने,

(६) जुलुस वा आमसभामा भाग लिने व्यक्तिले १० इन्च × १८इन्च भन्दा ठूलो आकारको झण्डा प्रयोग गर्न वा गराउन नहुने,

(७) उम्मेदवार वा राजनीतिक दलले आयोजना गरेको जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला वा निर्वाचन कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने,

(८) एकभन्दा बढी उम्मेदवार वा राजनीतिक दलले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला गर्न वा गराउन नहुने,

(९) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री जुलुस, आमसभा, र्‍याली, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न वा गराउन नहुने,

(१०) जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा प्रचार प्रसारका कार्यक्रम बिहान ८ बजेदेखि साँझ ७ बजेसम्म मात्र गर्नुपर्ने,

(११) मतदानको दिनभन्दा ४८ घण्टा अघिदेखि मत परिणामको घोषणा नभएसम्म जुलुस, आमसभा, र्‍याली, बैठक वा भेला आयोजना गर्न, नारा लगाउन वा राजनीतिक दल वा त्यस्तो दलसँग आवद्ध संस्थाको झण्डा, निर्वाचन चिन्ह वा प्रचार प्रसार हुने कुनै सामग्री प्रयोग वा प्रदर्शन गर्न वा गराउन नहुने,

(१२) आमसभा गरेको स्थल र समयमा बाहेक अन्य स्थल र समयमा माइक तथा लाउडस्पिकर र ध्वनी उत्पन्न गर्ने अन्य यन्त्र प्रयोग गर्न नहुने,

(१३) निर्वाचन प्रचार प्रसारको क्रममा मोटरसाइकललगायत मानिस वा मालसामान ढुवानी गर्न प्रयोग हुने साइकल, रिक्सा, टाँगा, एक्का तथा गोरुगाडा जस्ता सवारी साधनको र्‍याली गर्न वा गराउन नहुने ।

**(ख) सवारी साधन प्रयोग गर्दा पालन गर्नु पर्ने आचरण** :

(१) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका उम्मेदवारले निर्वाचन प्रचार प्रसारको लागि एक निर्वाचन क्षेत्रमा बढीमा दुईवटा चारपांग्रे हलुका सवारी साधन वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

(२) निर्वाचन प्रचार प्रसारको लागि राजनीतिक दलले आफ्नोतर्फबाट दुईजना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्नेछ । आयोगले अनुमति दिएका मुख्य प्रचारकलेमात्र हेलिकोप्टर प्रयोग गर्ने र हेलिकोप्टर प्रयोग गर्दा लागेको खर्चको विवरण सम्बन्धित राजनीतिक दलले पेश गर्ने निर्वाचन खर्चमा समावेश गर्ने गरी निर्वाचन प्रचार प्रसार गर्न पाउने,

(३) एउटा उम्मेदवार वा राजनीतिक दलको नाममा स्वीकृत वा प्रयोग गरेको सवारी साधन अन्य उम्मेदवार वा राजनीतिक दलले प्रयोग गर्न वा गराउन नहुने,

(४) राजनीतिक दलले निर्वाचन अधिकृतको अनुमति लिई एउटा जिल्लामा बढीमा दुईवटा चारपांग्रे हलुका सवारी साधन वा त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्नसक्ने,

(५) स्थानीय निकायको कुनै पदको निर्वाचनको प्रचार प्रसारको लागि उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेको सङ्ख्या र प्रकारका सवारी साधनकोमात्र प्रयोग गर्नुपर्ने ।

**(ग) निर्वाचन खर्च सम्बन्धी आचरण** :

(१) उम्मेदवार वा राजनीतिक दलले निर्वाचन खर्चको लागि अलग्गै बैङ्क वा वित्तीय संस्थामा खाता खोली निर्वाचन सम्बन्धी सम्पूर्ण कारोबार उक्त खाताबाट सञ्चालन गर्नुपर्ने,

(२) निर्वाचन खर्चको लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएको खाताबाट राजनीतिक दलको हकमा विधानबमोजिम र उम्मेदवारको हकमा उम्मेदवार आफैं वा निजको आधिकारिक प्रतिनिधिद्वारा खर्च गर्नुपर्ने,

(३) उम्मेदवार वा राजनीतिक दलले आयोगले तोकेकोभन्दा बढी खर्च गर्न नपाउने,

(४) निर्वाचन प्रयोजनको लागि बैङ्क वा वित्तीय संस्थामा खोलिएको खाताको सञ्चालन तथा कारोबार पारदर्शी हुनुपर्ने,

(५) उम्मेदवार वा राजनीतिक दलले पाँचहजार रुपैयाँभन्दा बढी चन्दा लिँदा बैङ्क वा वित्तीय संस्था मार्फत लिनुपर्ने,

(६) उम्मेदवार वा राजनीतिक दलले चन्दाको रुपमा नगद लिएमा चन्दा दिने व्यक्ति वा संस्थालाई सो रकम बुझेको रसीद वा भरपाई दिनुपर्ने,

(७) उम्मेदवार वा राजनीतिक दलले गरेको खर्चको अनिवार्यरुपमा बील भरपाई राख्नुपर्ने,

(८) उम्मेदवार वा राजनीतिक दलले निर्वाचनमा भएको खर्चको सम्पूर्ण विवरण प्रचलितकानूनमा तोकिएको समयभित्र आयोगले तोकेको ढाँचामा जिल्ला निर्वाचन कार्यालय वा आयोगमा बुझाउनुपर्ने,

(९) उम्मेदवार वा राजनीतिक दलले बुझाएको निर्वाचन खर्चको विवरण सन्तोषजनक नदेखिई आयोगले उक्त खर्चको बील भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सम्बन्धित उम्मेदवार वा राजनीतिक दलले सक्कल बील भरपाई तथा बैङ्क वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्नुपर्ने ।

**(घ) <u>मौन अवधिमा पालना गर्नुपर्ने आचरण</u> :**

(१) निर्वाचन प्रचार प्रसार गर्न र मत माग्न नहुने,

(२) मौन अवधि शुरु हुनुभन्दा अगाडि मतदानकेन्द्रको ३०० मिटर वरिपरी राखिएका आ-आफ्ना निर्वाचन चिन्ह तथा प्रचार र प्रसारका सामग्री हटाएको हुनुपर्ने,

(३) एस.एम.एस, फेसवुक, भाईवर जस्ता बिद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक संजालमार्फत मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने,

(४) उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित पहिरन, टोपी, स्टीकर, लोगो, झोला, ट्याटु जस्ता सांकेतिक सामग्रीको प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,

(५) उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने ।

**(ङ) <u>मतदानको दिन पालन गर्नुपर्ने आचरण</u> :**

(१) मतदातालाई शान्तिपूर्वक मताधिकारको प्रयोग गर्न दिनुपर्ने,

(२) मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई सहयोग गर्नुपर्ने,

(३) मतदान केन्द्रमा रहेको राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा सङ्केत नभएको पहिरन, परिचयपत्र र व्याजमात्र प्रयोग गर्नुपर्ने,

(४) कुनै किसिमको सवारी साधन प्रयोग गरी आवत जावत गर्न वा कसैलाई पनि लाने वा ल्याउने गर्न नहुने,

तर शारीरिकरुपले अशक्त वा हिँडडुल गर्न नसक्ने मतदाताको लागि मतदान अधिकृतले तोकिदिएको सवारी साधन प्रयोग गर्न सकिनेछ ।

(५) उम्मेदवार, मतदाता, प्रचलित कानूनले अनुमति दिएका व्यक्ति, आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारीबाहेक अन्य कुनै व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने,

(६) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले कुनै काम गर्न वा गराउन नहुने ।

**(च) अन्य आचरण :**

(१) निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा कुल क्षेत्रफल तीनसय वर्गइन्चसम्म आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चामात्र प्रयोग गर्नुपर्ने,

(२) उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण र सम्पत्तिसम्बन्धी विवरण उम्मेदवारी दर्ता गर्दा सम्बन्धित निर्वाचन अधिकृतसमक्ष बुझाउनुपर्ने ।

## परिच्छेद – ३

## नेपाल सरकार, स्थानीय निकाय तथा सार्वजनिक संस्थाले पालना गर्नुपर्ने आचरण

६. **प्रचार प्रसारमा संलग्न हुन नहुने** : नेपाल सरकारका मन्त्री वा सार्वजनिक पद धारण गरेका व्यक्तिले कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचार प्रसार गर्नु हुँदैन ।

तर निर्वाचनमा उम्मेदवार भएको मन्त्रीले आफ्नो निर्वाचन क्षेत्रमा प्रचार प्रसार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

७. **नयाँ कार्यक्रम गर्न नहुने** : (१) नेपाल सरकार, सार्वजनिक संस्था र स्थानीय निकायले वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न, सञ्चालन गर्न र सो प्रयोजनका लागि जनशक्ति तथा स्रोत साधनको परिचालन गर्न वा गराउन हुँदैन ।

(२) नेपाल सरकार, सार्वजनिक संस्था र स्थानीय निकायले कुनै पनि योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, अध्ययन वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न वा गराउन हुँदैन ।

तर प्राकृतिक प्रकोप वा अन्य काबु बाहिरको परिस्थितिमा आयोग वा आयोगले तोकेको पदाधिकारीको अनुमति लिई कार्यक्रम गर्न सकिनेछ ।

८. **भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने** : उम्मेदवार, राजनीतिक दल, राजनीतिक दलको भ्रातृ संगठन वा सम्बन्धित व्यक्तिलाई नेपाल सरकार, सार्वजनिक संस्था वा स्थानीय निकायका भवन, अतिथि गृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन हुँदैन ।

## परिच्छेद – ४

## कर्मचारी सम्बन्धी आचरण

९. **पद सृजना, विज्ञापन, सुविधा वृद्धि र पुरस्कार दिन नहुने** : नेपाल सरकार, सार्वजनिक संस्था र स्थानीय निकायमा नयाँ पद सृजना गर्न, पदपूर्तिको लागि विज्ञापन गर्न, रिक्त पद पूर्ति गर्न, भत्ता वृद्धि गर्न, ग्रेड, अन्य आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्नु हुँदैन ।

तर लोक सेवा आयोग र न्याय सेवा आयोगद्वारा नियमितरुपमा हुने पदपूर्तिसम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।

१०. **सरुवा, बढुवा गर्न वा काज खटाउन नहुने** : (१) कर्मचारीलाई निर्वाचनको काममा बाहेक अन्यत्र सरुवा, बढुवा गर्न वा काजमा खटाउन हुँदैन ।

तर प्रचलित कानूनबमोजिम नियमितरुपमा हुने बढुवा तथा पदस्थापना गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थिति परी कुनै कर्मचारीको सरुवा गर्न वा काज खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालयबाट अनुरोध भई आएमा आयोगले उपयुक्त देखी सहमति दिएमा सरुवा गर्न वा काज खटाउन सकिनेछ ।

११. **तटस्थ र निष्पक्ष रहनु पर्ने** : निर्वाचनमा संलग्न रहने कर्मचारी तथा सुरक्षाकर्मीले आफ्नो पदीय कर्तव्य तटस्थ र निष्पक्ष रही गर्नु पर्नेछ ।

१२. **विदेश भ्रमणमा जानु नहुने** : निर्वाचन अवधिभर मुलुकलाई प्रतिनिधित्व गरी विदेश भ्रमणमा जानबाहेक अन्य प्रयोजनको लागि नेपाल सरकारका कर्मचारी, सार्वजनिक पद धारण गरेको व्यक्ति वा स्थानीय निकायका कर्मचारी विदेश भ्रमणमा जान हुँदैन ।

तर विशेष परिस्थिति परी कुनै कर्मचारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित संवैधानिक निकाय वा मन्त्रालयबाट अनुरोध भई आएमा आयोगले उपयुक्त देखी सहमति दिएमा विदेश भ्रमणमा खटाउन सकिनेछ ।

१३. **निर्वाचन सम्बन्धी जिम्मेवारी दिन नहुने** : (१) विगतको निर्वाचनमा आयोगले कुनै किसिमको कारबाही सिफारिस गरेको वा निर्वाचन सम्बन्धी कसूरमा कुनै अदालतबाट कसूरदार ठहरिएको सार्वजनिक पद धारण गरेको व्यक्ति वा कर्मचारीलाई निर्वाचनसम्बन्धी कुनै जिम्मेवारी दिइने छैन ।

(२) आयोगले राजनीतिक दलसँग आवद्ध भ्रातृ संस्थाका पदाधिकारी वा सदस्यलाई निर्वाचनसम्बन्धी कुनै जिम्मेवारी दिने छैन ।

## परिच्छेद–५

## आमसञ्चारका माध्यम, गैरसरकारी संस्था र पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण

१४. **आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण** : आमसञ्चारका माध्यमले पालना गर्नुपर्ने आचरण देहायबमोजिम रहेका छन् :-

(क) निर्वाचनसम्बन्धी शिक्षामूलक समाचार र सूचनालाई उच्च प्राथमिकता दिनुपर्ने,

(ख) सूचना वा समाचार तथ्यमा आधारित भई निष्पक्षरुपमा सम्प्रेषण गर्ने,

(ग) पेशागत आचरण एवं मान्यता विपरीत हुने काम कारबाही गर्न नहुने,

(घ) विभिन्न जातजाति सम्प्रदाय, लिङ्ग, धर्म, भाषा-भाषी र क्षेत्रबीचको सम्बन्ध र सद्भावमा खलल नपर्ने गरी सूचना वा समाचार प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने,

(ङ) राजनीतिक दल तथा उम्मेदवारलाई समान अवसर दिनु पर्ने,

(च) उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क वा प्रायोजित विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्न वा गराउन नहुने,

(छ) उम्मेदवार वा राजनीतिक दलको सम्बन्धमा आयोगले तोकेको समयावधिभन्दा बढी नहुने गरी र सशुल्क विज्ञापन भएको जनाउने गरी निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने,

तर मौन अवधिमा त्यस्तो विज्ञापन प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्न पाईने छैन ।

(ज) उम्मेदवार वा राजनीतिक दलको निर्वाचनसम्बन्धी प्रकाशन, प्रशारण वा सम्प्रेषण गरेको प्रत्येक सूचना वा विज्ञापनको मिति र समयको अभिलेख अद्यावधिक राख्नुपर्ने,

(झ) निर्वाचन तथा मतदाता शिक्षा लगायतका सामग्री स्थानीयस्तरमा प्रयोग भइरहेका सबै भाषालाई समेट्ने गरी समानुपातिक आधारमा प्रकाशन, प्रशारण वा सम्प्रेषण गर्ने,

(ञ) उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा आधारहीन सामग्री एस.एम.एस, फेसबुक, ट्वीटर, भाइवर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमा प्रकाशन, प्रशारण वा सम्प्रेषण नगर्ने ।

१५. **गैरसरकारी संस्थाले पालना गर्नुपर्ने आचरण** : गैरसरकारी संस्था, सो संस्थाका पदाधिकारी वा कर्मचारीले निर्वाचन अवधिभर पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहेका छन् :-

(क) उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा हुने गरी नयाँ नीति कार्यक्रम, उद्घाटन, शिलान्यासलगायत कुनै काम गर्न वा गराउन नहुने,

(ख) उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसारको काम गर्न वा गराउन नहुने ।

१६. **पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण :** निर्वाचनको पर्यवेक्षण गर्न खटिने पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण देहाय बमोजिम रहेका छन् :-

(क) विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा-भाषी, क्षेत्र र संस्कृतिको सम्मान गर्नुपर्ने,

(ख) निष्पक्ष, तटस्थ र विश्वसनीय भएर पर्यवेक्षण गर्नुपर्ने,

(ग) निर्वाचनको कार्यलाई बाधा पुग्ने कुनै काम गर्नु नहुने,

(घ) पर्यवेक्षणको क्रममा आफ्नो पहिचान खुलाउनुपर्ने,

(ङ) उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा सार्वजनिकरुपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिप्पणी गर्नु नहुने,

(च) अनुमति प्राप्त क्षेत्रमामात्र पर्यवेक्षण गर्नुपर्ने,

(छ) प्रतिवेदन तयार गर्दा निष्पक्ष ढङ्गले तथ्यमा आधारित भएर गर्नुपर्ने,

(ज) उम्मेदवार, राजनीतिक दल, कर्मचारी वा अन्य व्यक्तिसँग उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने ।

## परिच्छेद–६

## विविध

१७. **अनुगमन समिति** : (१) आयोगले निर्वाचन आचार संहिता कार्यान्वयनका लागि निर्वाचन आयोग ऐन, २०६३ को दफा २९ बमोजिम अनुगमन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका अनुगमन समितिका काम, कर्तव्य र अधिकार आयोगले तोकेबमोजिम हुनेछ ।

**१८. कारबाही र सजाय** : कसैले यस आचार संहिताको उल्लंघन गरेमा निर्वाचन आयोग ऐन, २०६३ बमोजिम कारबाही र सजाय हुनेछ ।”

आज्ञाले,